संख्या: १

मिति: २०८२।०४।०३

बैठक प्रारम्भ: दिनको ठिक ११:०० बजे

बैठक समापन:

नेपालको संविधानको धारा २१५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम रामप्रसादराई गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राई ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रामप्रसादराई गाउँ कार्यपालिकाको बैठक बसी निम्न लिखित निर्णयहरु गरियो ।

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री थाम बहादुर राई | अध्यक्ष | |
| २ | श्री वीरेन्द्र राई | उपाध्यक्ष | |
| ३ | श्री जोगेन्द्र राई | सदस्य | |
| ४ | श्री राज कुमार तामाङ | सदस्य | |
| ५ | श्री रामु थापा मगर | सदस्य | |
| ६ | श्री बाबु कुमार राई | सदस्य | |
| ७ | श्री जगत बहादुर चौहान | सदस्य | |
| ८ | श्री एकराज आचार्य | सदस्य | |
| ९ | श्री मनकाजी राई | सदस्य | |
| १० | श्री बाच कुमार राई | सदस्य | |
| ११ | श्री अजम राई | सदस्य | |
| १२ | श्री सविना तामाङ | सदस्य | |
| १३ | श्री विना वि.क. | सदस्य | |
| १४ | श्री प्रतिमा राई | सदस्य | |
| १५ | श्री मिलन वि.क. | सदस्य | |
| १६ | श्री अशोक कुमार खवास | सदस्य | |
| १७ | श्री आङलाक्पा तामाङ | सदस्य-सचिव | |

अन्य आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | सरोज श्रेष्ठ | सब-ईन्जिनियर | |
| २ | अनिस राई | का. स. | |
| ३ | महेश खड्का | का. स. | |

१. आ.व. २०८२।०८३ को दररेट स्वीकृत सम्बन्धमा ।

यस सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को लागि दररेट निर्धारण समिति (अध्यक्षस्तरीय बैठक) बाट पेश भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

२. भुल्के अस्थायी प्रहरी चौकी सम्बन्धमा ।

रामप्रसादराई गाउँपालिका वडा नं. ३ भुल्केमा शान्ति सुरक्षा, अमनचैन कायम राख्नको लागि ऐ. वडा नं. ३ निवासी पुष्प कुमारी निरौलाको खाली रहेको घरमा अर्को व्यवस्था नभएसम्मको लागि जिल्ला प्रशासन कार्यालय, भोजपुरमार्फत नेपाल सरकार गृह मन्त्रालय समक्ष भुल्के अस्थायी प्रहरी चौकी स्थापनाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

३. विविध

क) आ.व. २०८१।०८२ को बजेट कार्यन्वयनको वार्षिक समिक्षा सम्बन्धमा

यस सम्बन्धमा छलफल गर्दा आ.व. २०८१।०८२ मा क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम संचालन गरेको, सम्झौता भई संचालन भएका योजनाहरुको निर्माण कार्य सम्पन भई निर्धारित समयमा सम्पन भएको भएतापनि केहि ठूला आयोजनाहरु संघ र प्रदेश सरकारको समपुरक बजेटसँग गाउँपालिकाको साझेदारी र गाउँपालिकाको बजेटबाट छुट्टै संचालित आयोजनाहरु क्रमश: क) शीत भण्डार निर्माण ओख्रे, वैकुण्ठे ख) दलगाउँ भुल्के ओख्रे सडक स्तरोन्नती ग) भालेढुङ्गा नागछाँगा पाम्माखाम साइलाम सडक घ) मालेकोवर, वैकुण्ठे, वाटुप हुदै जननायक चोकसम्म सडक स्तरोन्नती र ङ) गंगाखोला भालेढुङ्गा साविक ९ घोद्लेखानी हुदै हुर्वुभन्ज्याङ्ग सडक स्तरोन्नतिको काम समयमा नै सम्पन नभएको हुदाँ मिति २०८२ सालको असोज मसान्तसम्म म्यादथप गरी प्राविधिक इष्टिमेट अनुसार काम भइरहेको साथै डडुवा कावा सडक स्तरोन्नती हतुवागढी गाउँपालिकासँगको साझेदारीमा निर्माण कार्य गर्नको लागि मिति २०८२।०३।१७ गते सम्झौता भई मिति २०८२।०६।३१ गते सम्म सम्पन गर्ने गरी म्याद कायम गरी भुक्तानी दायित्व समेत अल्या गरी सारिएकोछ । समग्रमा यस गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८१।०८२ मा देहाय अनुसारको वितिय तथा भौतिक प्रगति रहेको निर्णयका साथ भए गरेको प्रगति विवरण सार्वजनिक गर्ने गराउने निर्णय गरियो ।

देहाय:

विषय क्षेत्रगत वितिय प्रगति:-

| | |
|---|---|
| क) आर्थिक विकास: | ५८ प्रतिशत |
| ख) सामाजिक विकास: | ८६ प्रतिशत |
| ग) भौतिक पूर्वाधार विकास: | ७५ प्रतिशत |
| घ) सुशासन तथा संस्थागत सेवा प्रवाह: | ८६ प्रतिशत |

ङ) कार्यालय संचालन: ७८ प्रतिशत

च) वन तथा वातावरण: ८७ प्रतिशत

वडा कार्यालय तर्फको वितिय प्रगति:-

क) वडा नं. १:- ९५ प्रतिशत

ख) वडा नं. २:- ९६ प्रतिशत

ग) वडा नं. ३:- ९८ प्रतिशत

घ) वडा नं. ४:- ९५ प्रतिशत

ङ) वडा नं. ५:- ९२ प्रतिशत

च) वडा नं. ६:- ९७ प्रतिशत

छ) वडा नं. ७:- ७३ प्रतिशत

ज) वडा नं. ८:- ९० प्रतिशत

समग्रमा:-

पुँजीगत:- ८१ प्रतिशत

चालु:- ७७ प्रतिशत

औषत:- ७९ प्रतिशत

ख) म्याद थप भएका आयोजनाहरुको स्रोत सुनिश्चितता सम्बन्धमा ।

यस सम्बन्धमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०८२।०३।२४ गतेको निर्णयानुसार र मिति २०८२।०३।१७ गते सम्झौता भएको डडुवा कावा सडक स्तरोन्नती साझेदारी योजनाको सम्बन्धमा मिति २०८२ असोज मसान्त सम्म म्याद थप भएका तपशिल बमोजिमको आयोजनाहरुको गाउँपालिकाको आगामी विशेष सभाबाट अनुमोदन हुने गरी अल्या स्रोतमार्फत स्रोत सुनिश्चित गरी आ.व. २०८२।०८३ मा भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल:

क) शीत भण्डार निर्माण ओखे, बैकुण्ठे ५३,९६,१२८।-

ख) दलगाउँ भुल्के ओखे सडक स्तरोन्नती २१,६७,५३०।-

ग) भालेढुङ्गा नागढुंगा पाप्माखाम साइलाम सडक १५,००,११५।-

घ) मालेकोबर, बैकुण्ठे, वाटुप हुदै जननायक चोकसम्म सडक स्तरोन्नती १९,३२,२३२।-

ङ) गंगाखोला भालेढुङ्गा साबिक ९ धोद्लेखानी हुदै हुर्पुभन्ज्याङ सडक स्तरोन्नति ४७,२५,१४७।-

च) डडुवा कावा सडक स्तरोन्नती साझेदारी ७,७०,०००।-